पोखरा विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालय

मितिः २०७५/०५/०८

चलानी नं.

## विज्ञप्ती

पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयमा मिति २०७५/०५/०५ गते साँझ ७.३० बजेको समयमा घटेको घट्ना तथा बाहिर पत्र पत्रिकामा यस घटनालाई लिएर प्रकाशित समाचारहरुप्रति परीक्षा नियन्त्रण कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

मिति २०७५ भाद्र ५ गते मंगलबारको दिन परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत कर्मचारीहरु आ-आफ्ना कार्य सम्पन्न गरी आ-आफ्ना घरतर्फ लागेपछि साँझ ७.३० बजेको समयमा विश्वविद्यालयकै कर्मचारी ले एक जना बाह्य व्यक्ति लिई परीक्षा नियन्त्रण कार्यालयमा कार्यरत सुरक्षा गार्डलाई विश्वासमा लिई झुक्याई परीक्षा नियन्त्रण कार्यालयजस्तो गोप्य र अति सम्वेदनशिल प्रवेश निषेधित स्थलमा अनाधिकृत रुपमा प्रवेश गरी ईन्जिनियरिङ्ग शाखाको गोप्य कक्षमा रहेका ४ वटा कम्प्यूटरका पासवोर्ड ह्याक गरी उक्त कम्प्यूटरहरुमा अवाञ्छित कार्य गरिएको कुरा सोको भोलिपल्ट मिति २०७५ भाद्र ६ गते उक्त शाखाको कर्मचारीहरु आएर काम गर्ने सिलसिलामा उक्त कम्प्यूटरहरु विना पासवोर्ड खुलेको हुँदा उक्त कुरा शंकास्पद भएको ठानी परीक्षा नियन्त्रण कार्यालयमा जडान गरिएको सिसि टिभीको फुटेजको भिडियो रेकर्ड हेर्दा उक्त घटना जानकारीमा आएको व्यहोरा अवगत गराउँदछौं ।

यसै सन्दर्भमा परीक्षा नियन्त्रण कार्यालयको गोप्य शाखामा रहेका कम्प्यूटरहरुको अभिलेखको Back-up अन्य External Hard Disk हरुमा समेत नियमित रुपमा Update गरी राखिने भएकोले ईन्जिनियरिङ्ग शाखामा रहेका पासवोर्ड ह्याक गरिएका उक्त ४ (चार) वटा कम्प्यूटरहरुमा रहेका अभिलेखहरु चोरी, नष्ट वा हेरफेर गरिएको हुनसक्ने भएतापनि सोका सम्पूर्ण अभिलेखहरु Back-up मा पूर्ण रुपमा सुरक्षित रहेकोले सम्पूर्ण विद्यार्थीहरु, अभिभावक तथा शुभचिन्तक वर्गलाई अन्य कुनै भ्रममा नपरी विश्वस्त रहन अनुरोध गरिन्छ ।

साथै उक्त घट्नाको जानकारी पाउनासाथ जिल्ला प्रहरी कार्यालय तथा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (Central Investigation Bureau) लाई जानकारी गराई सोही दिनदेखि अनुसन्धानको प्रक्रिया अगाडि बढिरहेको जानकारी गराउँदछौं । उक्त घटनामा संलग्न दोषीहरुमाथि कानूनबमोजिम हदैसम्म कारवाहीको लागि पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय गम्भीर रहेको व्यहोरा अनुरोध गर्दछ ।

परीक्षा नियन्त्रण कार्यालय

पो.ब.नं. ४२७, लेखनाथ-१२, कास्की, नेपाल, फोनः ०६१-५६१५४६/५६१५८७, फ्याक्सः ०६१-५६१५८७, काठमाडौं, फोन : ०१-४४८६९०२, ४४८६९०५
फ्याक्सः ४४४०९०४ इमेल : puexam@pu.edu.np, वेब साइटः www.pu.edu.np